# जिरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जिरी, दोलखा

बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०८१।८२
चलानी नं.:

मितिः२०८१।१२।१९

सूचना ! सूचना !! सूचना !!!

**बाख्रा प्रवर्द्धन कार्यक्रम, जिरी-७ मा माग पेश गर्ने सम्बन्धी सूचना !!!**

(प्रथम पटक प्रकाशित मिती: २०८१।१२।१९)

प्रस्तुत विषयमा यस जिरी नगरपालिकाले **'स्थानीय तहमा विनियोजन शसर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१'** बमोजिम आ. व. २०८१।८२ को प्रदेश सरकार, शसर्त अनुदानको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत **"बाख्रा प्रवर्द्धन कार्यक्रम, जिरी- ७"** को सञ्चालन गर्ने सम्बन्धमा सम्बन्धित वडा समितिको निर्णयानुसार वडा भित्र बाख्रापालन गरिरहेका १० जना ईच्छुक कृषकहरुलाई लागत अनुमानको ८०% मा नबढ्ने गरी बढिमा रु. एक लाखको दरले खोर निर्माण गर्नको लागि अनुदान दिने र स्वयं लाभग्राहीले २० % व्यहोर्नुपर्ने निर्णय भएसँगै उक्त कार्यक्रममा सहभागी हुन ईच्छुक जिरी न. पा.- ०७ भित्रका कम्तीमा २५ वटा प्रजनन् योग्य स्थानीय तथा उन्नत जातको बाख्रापालन गरिरहेका बाख्रापालन फर्म/ कृषकहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र (मिति: २०८२।०१।०८ गते) सम्ममा वा अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समयभित्र यस जिरी नगर कार्यपालिकाको कार्यालय, जिरी, दोलखामा तपसिल अनुसारका कागजातहरु संलग्न गरी प्रस्ताव पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरुमाथी कुनै प्रक्रिया अघि बढाइने छैन र यस कार्यक्रम अन्तर्गत पूँजीगत प्रकृतीको पूर्वाधार निर्माण तर्फ बढीमा ८० प्रतिशत सम्म अनुदान उपलब्ध गराइने छ।

**माग पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु:**

१. कार्यक्रमको व्यहोरा खुलेको कार्यक्रममा प्रस्ताव पेश सम्बन्धीको निवेदन।
२. निवेदक/ अख्तियारी प्राप्त व्यक्तीको नागरिकताको प्रतिलिपि।
३. अनुसूची -१ बमोजिमको प्रतिवद्धता पत्र।
४. बाख्रापालन फर्मको हकमा सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नं. (पान) दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
५. कार्यक्रम सञ्चालन हुने स्थान (अब उप्रान्त निर्माण गरिने खोरको जग्गा) को स्वामित्व वा हकभोग खुल्ने क्षेत्रफल भएको कागजात।
६. कार्यक्रम सञ्चालनको लागत अनुमान सहित कार्यक्रममा सञ्चालन गरिने प्रमुख क्रियाकलाप र कार्य विवरण।

***नोट:*** *माथि सूचनामा उल्लेखीत अनुसूची-१ को ढाँचा यस कार्यालयको वेबसाइटबाट प्राप्त गर्न सकिनेछ र कार्यक्रम कार्यान्वयनको सन्दर्भमा पूँजीगत पूर्वाधार निर्माण तर्फ प्राविधिक इष्टिमेट बमोजिम खोर निर्माणको कार्यक्रम सञ्चालन गरिने छ। थप जानकारीको लागि पशु सेवा शाखा, जिरी नगरपालिका, जिरी, दोलखा। (९८४४४२५८३६)।*

२०८१।१२।१९

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत